कार्यपालिका बैठक संख्या:

मिति २०८२।०७।१६

आज मिति २०८२ साल कात्तिक १६ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

समय : दिउसो ११:०० बजे

उपस्थिति

बैठक नं – 2

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री राम बहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री गुणानिधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | |
| १२. | श्री सनु देवी कार्की | सदस्य | |
| १३. | श्री गंगा अर्याल | सदस्य | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १. | श्री देव प्रसाद पन्थी | प्रशासकीय अधिकृत | |
| २. | श्री [illegible] | प्रि प्र अ. | |
| | तेजेन्द्र [illegible] | सि ले अ | |

कार्यालय सहयोगी

| | | | |
|---|---|---|---|
| १. | श्री दिनेश [illegible] | कार्यालय सहयोगी | |
| २. | श्री टोपलाल [illegible] | ,, ,, | |

कार्यपालिका बैठक संख्याः ३

मितिः २०८२।०७।१६

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. कार्यविधि अनुमोदन गर्ने सम्बन्धमा।

३. एकीकृत घुम्ति शिविर सञ्चालन सम्बन्धमा।

४. संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा।

५. नागरिक आरोग्य केन्द्र सञ्चालनार्थ जनशक्ति व्यवस्थापन सम्बन्धमा।

६. हेफरसंग सहकार्य र सम्झौता गर्ने सम्बन्धमा।

७. सामाजिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

८. आर्थिक सहायता सम्बन्धमा।

९. सडक चौडा गर्ने सम्बन्धमा।

१०. विविध सम्बन्धमा।

क) स्थानीय स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने सम्बन्धमा।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्याः ३

मितिः २०८२।०७।१६

## निर्णयहरु

### निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति २०८२।०५।३१ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यिवयनमा विलम्ब भएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं २

प्रस्ताव नं २ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकाको विद्यान व्यवस्थापन समितिमा दफावार छलफल पश्चात अनुमोदनका लागि पेश गरिएका तपसिलका कार्यविधिहरु यस गाउँकार्यपालिकाको बैठकमा पुनश्च दफावार छलफल गरियो र अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८२

२. आधारभूत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि प्रोत्साहन वितरण कार्यविधि, २०८२

### निर्णय नं ३

प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकाका वस्ति तथा टोल स्तरमा गई शासन, विकास र सेवा प्रवाह गर्न यहि मिति २०८२ मंसिर २१ गते देखि मंसिर २८ गते सम्म एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं ४

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालकाको जनशक्ति व्यवस्थापन वैज्ञानिक तथा वस्तुपरक बनाई संगठनको उत्पादन र उत्पादकत्वो बृद्दि गर्न स्थानीय निजामती सेवा ऐन र नियमावलीमा व्यस्था भए बमोजिम पौष मसान्त भित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने र सो कार्यका लागि आवश्यकतानुसार मानव संशाधन विज्ञको सहयोग लिने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं ५

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ग | शैक्षिक सामग्री, कम्प्युटर, स्मार्ट बोर्ड लगायत सामाग्री व्यवस्थापन | ३४,००,०००।- |
| २ | **शैक्षिक गुणस्तर विकास तथा सेवाको गुणस्तर अभिवृद्धि** | |
| क | प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अभिभावक तथा विद्यार्थीहरुको लागि अभिमुखीकरण कार्यक्रम (वडास्तर) | ४,५०,०००।- |
| ख | शिक्षकको पेशागत विकास तालिम | ३,००,०००।- |
| ग | विद्यालयका असल अभ्यास आदानप्रदान, प्रधानाध्यापक मासिक अन्तर्क्रिया तथा त्रैमासिक समीक्षा | १,००,०००।- |
| घ | नतिजाको आधारमा अत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी सम्मान/प्रोत्साहन कार्यक्रम | २,००,०००।- |
| ङ | विद्यार्थीहरुको प्रतिभा पहिचान तथा अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन, शैक्षिक प्रदशनी/ शैक्षिक मेला | ३,००,०००।- |
| च | नतिजा सुधारको लागि अतिरिक्त कक्षा सञ्चालन | ८,००,०००।- |
| ३ | **दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएकका जनजाती तथा अन्य समुदायका विपन्न लक्षित विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम** | |
| क | जोखिममा परेका, घरवारविहिन, असहाय, अति विपन्न विद्यार्थहरुको लागि शैक्षिक सहयोग कार्यक्रम | १,००,०००।- |
| ५ | मूल्याङ्कन, अनुगमन तथा सुपरीवेक्षण | १,००,०००।- |
| **जम्मा** | | ९७,००,०००।- |
| **स्वास्थ्य तर्फका कार्यक्रमहरु** | | |
| १ | मेरी आमा स्वस्थ आमा | ६,००,०००।- |
| २ | स्वास्थ्य संस्था मर्मत सम्भार कार्यक्रमहरु | ३,००,०००।- |
| ३ | ल्पापटप खरिद | ३,००,०००।- |
| ४ | बैकल्पिक उर्जा व्यवस्थापन | ३,००,०००।- |
| ५ | डिजिटल हेल्थ प्रोफाइल/ EHR software खरिद | २,००,०००।- |
| ६ | स्वयमसेविकालाई प्राथामिक उपचार तालिम सामग्री सहित | ३,००,०००।- |
| ७ | औषधी खरिद | ८,००,०००।- |
| ८ | सर्जिकल्स सामान खरिद आधारभूत अस्पताल | ३,००,०००।- |
| ९ | फर्निचर तथा अन्य खर्च आधाभूत अस्पताल | १,००,०००।— |
| १० | ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम | १,००,०००।— |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| **जम्मा** | ३३,००,०००।- |
|---|---|

## निर्णय नं ८

प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकामा बसोवास गर्ने कमजोर आर्थिक अवस्था भएका/विपद्मा परि धन-जनको क्षति भएका/अनाथ/अशाहाय/आफ्नो हेरचाह आफै गर्न नसक्ने तपसिलका व्यक्तिलाई आर्थिक सहायता गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क सं | नाम थर /ठेगना | सहायता रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | गोपाल प्रसाद कण्डेल गुल्मीदरवार ५ | ३५,०००।- | आर्थिक सहायता | |
| | | | | |

## निर्णय नं ९

प्रस्ताव नं ९ माथी छलफल गर्दा यस गुल्मीदरवार वडा नं ४ विरबास-मिसुगा-भट्टेचौर-सिस्नेखोला सडक खण्डको चौडा गर्नुपर्ने भएको र गाउँपालिका संग तत्काल चौडा गर्ने कामको लागि कुनै स्रोत नभएको अवस्थामा मदन भण्डारी राजमार्गको काम गर्ने समानान्तर कन्स्ट्रकसनले सो सडकको चौडा गरिदिने र चौडा गर्दा उत्खनन् भएको ढुंगा जन्य पदार्थ जिल्ला दररेटको आधारमा राजश्व दाखिला गर्ने प्रस्ताव गरेकोले आज बसेको गाउँकार्यपालिकाले तत्कालको लागि २०० घन मिटर बराबरको सडक चौडा गर्ने र सो बराबरको राजश्व संकलन गरी कार्यादेश दिने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं १०

क) प्रस्ताव नं १० माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकाको स्थानीय स्वास्थ्य विमा गठन/सञ्चालन कार्यविधि २०८२ मा स्थानीय स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने व्यवस्था भएकोमा तपसिलका पदाधिकारी रहने गरि स्थानीय स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

- श्री सरोज कुमार थापाः संयोजक

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्याः ३ मितिः २०८२।०७।१६

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकामा आ. व. २०८२।०८३ मा संघीय विशेष अनुदानबाट नागरिक आरोग्य केन्द्र स्थापनार्थ स्रोत सुनिश्चित भएको हुँदा नागरिक आरोग्य केन्द्र सञ्चालनार्थ सेवा करारमा ( चौंथो तह वैद्य पदमा) जनशक्ति भर्ना प्रकृया अगाडी बढाउन गाउँपालिका स्तरीय परिक्षा समितिलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकामा आ. व. २०८२।०८३ मा प्रदेश सशर्त कृषि फलफुल तथा पशुप्रवर्द्धन कार्यक्रम गुल्मिदरवार गुल्मी कार्यक्रममा पचास लाख विनियोजन भएको र सोही प्रकृतिको कार्यक्रमका लागि हेफर ईन्टरनेशनल नेपालसंग पच्चिस लाख श्रोत रहेको साथै, गाउँपालिका संगको साझेदारीमा कार्यक्रम गर्न आशय सहितको प्रशतावना पेश गरेको हुँदा गुल्मीदरवार गाउँपालिका र हेफर ईन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग र नव प्रभात युवा संघ गुल्मीको सहजीकरणमा **"गुल्मीदरवार कृषि, पशु तथा फलफुल विकास परियोजना"** कार्यक्रमको कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७

प्रस्ताव नं ७ माथी छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ प्रदेश शसर्त कार्यक्रम अर्न्तगत शैक्षिक तथा स्वास्थ्य संस्थाको पूर्वाधार एवम् गुणस्तर सुधार कार्यक्रम कार्यान्वियनका सम्बन्धमा यस गाउँपालिकाको सामाजिक विकास समितिबाट तपसिलका शिर्षकमा खर्च गर्ने गरी रकमको बाँडफाँड गरी गाउँकार्यपालिकाको बैठकमा प्रस्तुत भएकोमा कार्यपालिकाबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| शिक्षा तर्फका कार्यक्रमहरु | | |
|---|---|---|
| क्र. सं. | कार्यक्रम | विनियोजित रकम |
| १ | भौतिक पूर्वाधार विकास | |
| क | विद्यालय फर्निचर खरिद तथा मर्मत | ९,५०,०००।- |
| ख | विद्यालय कक्षाकोठा, शौचालय, पर्खाल, घेरवार, खानेपानी लगायत पूरक पूर्वाधर निर्माण | ३०,००,०००।- |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्याः ३ मितिः २०८२।०७।१६

- श्री तारा थापा ढेंगाः सदस्य
- श्री देविराम पोखोलः सदस्य
- श्री लिला थापाः सदस्य
- श्री पार्वती बलालः सदस्य
- श्री नारायण प्रसाद अर्यालः सदस्य
- श्री युवराज पौडेलः सदस्य सचिव

उपरोक्त बमोजिम निर्णय नं. १ देखि १० सम्म
प्रमाणित गरिएको छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत